**प्रदेश सभा**

**प्रदेश नं १**

पहिलो अधिवेशन

२०७५/०१/२६

**<u>भए गरेका काम कारवाहीको संक्षिप्त जानकारी</u>**

(१) प्रदेश सभाको पहिलो अधिवेशन संगै प्रदेश सभाको पहिलो बैठक २०७४ साल माघ २२ गते सोमबार प्रारम्भ भई आज २०७५ साल बैशाख २६ गते बुधबार सम्म जम्मा ९३ दिन चालु रह्यो । जसमध्ये २२ दिनमा ३९ पटक बैठक बसी जम्मा २८ घण्टा १८ मिनेट संसदीय काम कारवाहीमा व्यतित भयो ।

(२) <u>अन्तरिम कार्यविधि</u> : २०७४ माघ २२ गतेको बैठकमा प्रदेश सभाले आफ्नो नियमावली नबनाएसम्म सभाको बैठक सञ्चालनको लागि "प्रदेश नम्बर १ को प्रदेश सभा कार्य सञ्चालन अन्तरिम कार्यविधि, २०७४" सर्वसम्मतिबाट पारित भएको ।

(३) <u>निवार्चन :</u> २०७४ माघ २९ गतेको बैठकमा प्रदेश सभाको सभामुख पदको लागि भएको निर्वाचनमा सभामुख पदमा मा. श्री प्रदिप कुमार भण्डारी निर्विरोध निर्वाचित हुनु भएको थियो भने २०७४ फाल्गुण ३ गतेको बैठकमा प्रदेश सभाको उपसभामुख पदको लागि भएको निर्वाचनमा मा. श्री सरस्वती पोखेल निर्विरोध निर्वाचित हुनुभएको ।

(४) <u>नियमावली मस्यौदा समिति र कामकारवाही :</u> २०७४ फाल्गुण १४ गतेको बैठकबाट ११ सदस्यीय प्रदेश सभा नियमावली मस्यौदा समिति गठन भएको थियो । उक्त मस्यौदा समितिका संयोजक माननीय श्री लिला बल्लभ अधिकारीले मिति २०७४ चैत्र ७ गते प्रतिवेदन प्रस्तुत गरी २०७४ चैत्र ०८ गते छलफल र संशोधन पश्चात *प्रदेश नं १ को प्रदेश सभा नियमावली, २०७४* सर्वसम्मतिले पारित भएको ।

(५) <u>विषयगत समितिहरु गठन:</u> २०७४ चैत्र २८ गते न्याय, प्रशासन तथा विधायन समिति, सुशासन तथा योजना समिति, अर्थ समिति, सार्वजनिक लेखा समिति, सामाजिक विकास समिति, उद्योग, पर्यटन तथा वातावरण समिति र प्राकृतिक श्रोत तथा पूर्वाधार विकास समितिका सदस्यहरुको मनोनयन भएको।

(६) <u>प्रदेश प्रमुखको संबोधन :</u> २०७४ चैत्र २९ गते माननीय प्रदेश प्रमुख डा. गोविन्द बहादुर तुम्बाहाङज्यूले प्रदेश सभा समक्ष सम्बोधन गर्नु भएको । उक्त सम्बोधन प्रति माननीय श्री टंक आङबुहाङ लिम्बु प्रस्तावक र माननीइ श्री राज कुमार ओझा समर्थक भई प्रस्तुत भएको धन्यवादको प्रस्ताव सर्वसम्मतिबाट पारित भएको ।

(७) <u>बजेट :</u> २०७४ चैत्र २९ गते आर्थिक मामिला तथा योजना मन्त्रीले राजस्व र व्ययको वार्षिक अनुमान प्रस्तुत तथा टेबुल गर्नु भयो । मिति २०७५ बैशाख ०४ गते उक्त अनुमानमा सामान्य छलफल भई विनियोजन विधेयक प्रस्तुत गर्नु भएको थियो । २०७५ बैशाख ०५ गते विनियोजन विधेयकमा निर्दिष्ट गरी राखिएको शीर्षकमाथि समूहीकृत रुपमा छलफल भइ विनियोजन विधेयक पारित भएको ।

(८) <u>मुख्यमन्त्रीको सम्बोधन:</u> यसै अवधिमा प्रदेश सभाको पहिलो अधिवेशनको चौथो बैठक २०७४ फाल्गुण १४ गते र पहिलो अधिवेशनको अन्तिम बैठक २०७५ बैशाख २६ गते माननीय मुख्यमन्त्रीद्धारा सम्बोधन भएको ।

(९) <u>पारित विधेयक :</u>

| क्र.स. | पारित मिति | पारित विधेयक |
|---|---|---|
| १. | २०७४ चैत्र १९ गते | प्रदेश आर्थिक कार्यविधि विधेयक, २०७४ |
| २. | २०७५ बैशाख ०५ गते | विनियोजन विधेयक |
| ३ | २०७५ बैशाख ११ गते | प्रदेशको सार्वजनिक लिखत प्रमाणीकरण ( कार्यविधि ) विधेयक, २०७४ |
| ४ | २०७५ बैशाख १२ गते | गाउँ सभा र नगर सभा संचालन (कार्यविधि) विधेयक, २०७५ |
| ५. | २०७५ बैशाख २० गते | प्रदेश नं.१ आकस्मिक कोष संचालन विधेयक, २०७५ |
| ६. | २०७५ बैशाख २३ गते | जिल्ला सभाको संचालनका निम्ति व्यवस्था गर्न बनेको विधेयक, २०७५ |
| ७. | २०७५ बैशाख २४ गते | मुख्य न्यायाधिवक्ताको काम कर्तव्य र अधिकार तथा सेवा र अन्य शर्तका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, |

| | | |
|---|---|---|
| | | २०७५ |
| ८. | २०७५ बैशाख २४ गते | मुख्यमन्त्री र मन्त्रीको पारिश्रमिक तथा सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ |
| ९. | २०७५ बैशाख २४ गते | प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक तथा सुविधा सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक, २०७५ |
| १०. | २०७५ बैशाख २४ गते | गाँउ सभा तथा नगर सभाका सदस्यहरुले पाउने सुविधाको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ |
| ११. | २०७५ बैशाख २४ गते | जिल्ला सभा र जिल्ला समन्वय समितिका सदस्यहरुले पाउने सुविधाको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ |

द्रष्टव्य : (२०७५ बैशाख २३ गते प्रशासकीय कार्यविधि (नियमित गर्ने) सम्बन्धमा बनेको विधेयक *न्याय, प्रशासन तथा विधायन समितिमा पठाइएको ।)*